## खैरहनी नगर कार्यपालिकाको बैठक संख्या ९ (आ.व.२०८१/८२)

आज मिति २०८१/११/२५ गते आइतबार बिहानको ८:०० बजे खैरहनी नगरपालिकाका प्रमुख श्री शशी कुमार खनियाज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल गरियो ।

### तपसिल

| क्र.स. | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री शशी कुमार खनिया | |
| २ | उप-प्रमुख | श्री कविता उप्रेती | |
| ३ | वडा अध्यक्ष वडा नं. १ | श्री नवराज भुसाल | |
| ४ | वडा अध्यक्ष वडा नं. २ | श्री रोहिणी प्रसाद उप्रेती | |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | श्री पूर्ण बहादुर गुरुङ्ग | |
| ६ | वडा अध्यक्ष वडा नं. ४ | श्री वेद बहादुर अधिकारी | |
| ७ | वडा अध्यक्ष वडा नं. ५ | श्री छत्रनाथ सुवेदी | |
| ८ | वडा अध्यक्ष वडा नं. ६ | श्री कमल प्रसाद न्यौपाने | |
| ९ | वडा अध्यक्ष वडा नं. ७ | श्री मनेजर महतो | |
| १० | वडा अध्यक्ष वडा नं. ८ | श्री शंकर कंडेल | |
| ११ | वडा अध्यक्ष वडा नं. ९ | श्री बन्धु राम महतो | |
| १२ | वडा अध्यक्ष वडा नं. १० | श्री चन्द्र बिक्रम चौधरी | |
| १३ | वडा अध्यक्ष वडा नं. ११ | श्री दिपेन्द्र कुमार दराई | |
| १४ | वडा अध्यक्ष वडा नं. १२ | श्री केदार नाथ पन्त | |
| १५ | वडा अध्यक्ष वडा नं. १३ | श्री कुल प्रसाद भुसाल | |
| १६ | कार्यपालिका सदस्य | श्री बुधरमिया चौधरी | |
| १७ | कार्यपालिका सदस्य | श्री गोमा देवी घर्ति | |
| १८ | कार्यपालिका सदस्य | श्री मैया बि.क. | |
| १९ | कार्यपालिका सदस्य | श्री बिक्रमिया चौधरी | |
| २० | कार्यपालिका सदस्य | श्री आनन्द दराई | |
| २१ | कार्यपालिका सदस्य | श्री विष्णु माया ~~कामि~~ सुनार | |
| २२ | कार्यपालिका सदस्य | श्री दुखीराम दराई | |
| २३ | कार्यपालिका सदस्य | श्री मेनुका परियार | |
| २४ | सदस्य सचिव | श्री विष्णु प्र. सापकोटा | |

Scanned with CamScanner

**बैठक संख्या ०९ (आ.व २०८१/८२)**

क. मिति २०८१/११/२५ गते आईतबार

ख. बिहानः- ८:०० बजे।

---

**क. प्रस्तावहरुः-**

१. फोहोर व्यवस्थापनको म्याद सम्बन्धमा।

२. स्थानीय पाठ्यपुस्तक छपाईको स्वीकृत गर्ने सम्बन्धमा।

३. बालमैत्री शासनसंग सम्बन्धित दस्तावेज स्वीकृत गर्ने सम्बन्धमा।

४. स्वास्थ्य संस्था दर्ता सम्बन्धमा।

**निर्णयहरु**

**निर्णय नं १**

खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, चितवन र श्री सफा उर्जा उत्पादन प्रा. लि. भरतपुर चितवन JV श्री Organic Bio Fertilizer प्रा. लि, ललितपुर बीच फोहोरमैला व्यवस्थापन र फोहोरमैला शुल्क संकलनको कार्यको लागि **२०७९ साल मंसिर ९ गते** सम्झौता भई २०८० साल जेष्ठ १ गतेबाट कार्य सुचारु भएको, साथै उक्त संस्थाले फोहोरमैला व्यवस्थापन र फोहोरमैला शुल्क संकलनको कार्य अत्याधुनिक प्रविधिको प्रयोग गरी आफ्नै जगामा फोहोर व्यवस्थापन गरिरहेको तथा भैतिक संरचनामा पनि संस्थाकै रहेको र फोहोर उठाउने कार्य तथा व्यवस्थापनमा पनि अपेक्षित कार्यसम्पादन गरेको देखिएको,फोहोर व्यवस्थापनको सन्दर्भमा नागरिकबाट गुनासो नआउने गरी कार्यसम्पादन भएको गुनासो अभिलेखबाट देखिएकोमा यस नगरपालिका र उक्त संस्थाबीच भएको सम्झौताको बुंदा न. (१४) मा २०७९ फाल्गुण १६ गते देखि लागु भई, लागु भएको मितिको २ वर्ष सम्म सम्झौता कायम रहने भनेर लेखिएको हुनाले उल्लिखित संस्था र नगरपालिका बीचको सम्झौता म्याद समाप्त भएको सन्दर्भमा मिति २०८१/१०/१०, च.न. ३१ (०८१/०८२) को उल्लिखित संस्थाको पत्रमा जगाको व्यवस्था, ढुवानी तथा प्रशोधन गर्ने सवारी साधन तथा मेशिनरी औजार, जनशक्ति व्यवस्थापन लगायत अन्य पूर्वाधारजन्य कामहरु गर्नु पर्ने कारण देखाई अवधि थप गरिदिनु हुन् अनुरोध गरेको, यस नगरपालिका र सफा उर्जा उत्पादन एण्ड अर्गानिक बायो फर्टिलाइजर जे. भि बीच भएको सम्झौताको **शर्त एवम् प्रावधानको न. १४** मा दोश्रो पक्षको कार्यप्रगति सन्तोषजनक देखिएमा आपसी सहमतिमा सम्झौता नविकरण गर्न सकिने व्यवस्था, **सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५३ (१)** मा सम्झौता थप सम्बन्धि व्यवस्था, सम्झौतामा उल्लेख भए बमोजिम हुने भन्ने व्यवस्था, **रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२०** को दफा ११ (१) बमोजिम ठेक्का बन्दोबस्त गर्दा तीन वर्षको अवधिको लागि गर्न पाइने र सार्वजनिक हितको दृष्टिकोणबाट आवश्यक देखिएमा नेपाल सरकारले सो भन्दा कम वा बढी जतिसुकै अवधिका लागि पनि ठेक्का बन्दोबस्त गर्न यस उपदफाले बाधा नपुर्याउने भनेर उल्लेख गरेको व्यवस्था, साथै फोहोर मैला व्यवस्थापन नगरपालिकाको प्रमुख दायित्व रहेको सम्झौता नविकरण नगर्दा तत्काल फोहोर मैला व्यवस्थापन चुनौतीपूर्ण हुनसक्ने देखिएको जस्ता आधार कारणबाट साविक बमोजिमकै सर्तहरु लागु हुने गरी यस नगर कार्यपालिकाको कार्यालय, चितवन र श्री सफा उर्जा उत्पादन प्रा. लि. भरतपुर चितवन JV श्री Organic Bio fertilizer प्रा. लि, ललितपुर बीच फोहोरमैला व्यवस्थापन र फोहोरमैला शुल्क संकलनको कार्यको लागि भएको सम्झौताको अवधी २०८२ फाल्गुण १६ गते सम्म थप गर्ने निर्णय गरियो।

**निर्णय नं २**

नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कार्यान्वियनमा आएको स्थानीय पाठ्यक्रम हामी र हाम्रो खैरहनीलाई थप प्रभावकारी बनाउनको लागि नगरपालिकाले साभ नेपाल पोखरासँग सम्झौता गरी कक्षा ४ देखि कक्षा ८ सम्मका लागि तयार गरेको हामी र हाम्रो खैरहनी नामक स्थानीय पाठ्यपुस्तकको PRC स्वीकृत गर्ने । सामुदायिक तथा संस्थागत विद्यालयमा कक्षा ४ देखि कक्षा ८ सम्म अध्ययनरत EMIS मा अद्यावधिक भएको विद्यार्थी सङ्ख्याको आधारमा लागत अनुमान तयार गर्ने र सार्वजनिक खरिद ऐन २०६३ को अधीनमा रही छपाई प्रक्रिया अगाडि बढाइ आगामी शैक्षिक सत्र २०८२ देखि नगरपालिका भित्रका सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरूमा स्थानीय पाठ्यपुस्तक हामी र हाम्रो खैरहनी लागू गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं ३**

खैरहनी नगरपालिका चितवनको स्थानीय बालमैत्री शासनको प्रक्रियागत कार्यान्वयनका लागि विषयगत कार्यशाला पश्चात् महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा खैरहनीबाट पेश गरिए बमोजिम खैरहनी नगरपालिकाको बालसमूह/बाल संजालको गठन तथा कार्य संचालन विधान २०८१, खैरहनी नगरपालिकाको बालमैत्री स्थानीय शासनका सूचक मापनयोग्य सरलीकरण स्थानीयकरण दस्तावेज २०८१, नगरपालिकाले पालना गर्ने बालमैत्री आचारसंहिता, वडाले पालना गर्ने बालमैत्री आचारसंहिता, विद्यालय संघसंस्था र व्यापारीले पालना गर्ने बालमैत्री आचारसंहिता, अभिभावकले पालना गर्ने बालमैत्री आचारसंहिता, बालबालिकाले पालना गर्ने बालमैत्री आचारसंहिता स्वीकृत तथा अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

खैरहनी नगरपालिकाको स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्बन्धी कार्यविधि २०७८ बमोजिम संचालन अनुमतीको लागि निवेदन पेश गरि आवश्यक सम्पूर्ण प्रकृया पुरा गरेका तपसिल वमोजिमका स्वास्थ्य संस्थाहरुलाई कार्यविधिको परिच्छेद ३ को दफा ५ को उपदफा (क) वमोजिम संचालन अनुमतीप्रदान गर्ने ।

**तपसिलः**

| क्र.स | स्वास्थ्य संस्थाको नाम | संचालकको नाम | ठेगाना | दर्ता हुने किसिम | संचालन हुने सेवाहरु |
|---|---|---|---|---|---|
| १. | इन्दिरा क्लिनिक | कुल कुमारी विश्रवाल | खैरहनी-०१ | स्वास्थ्य क्लिनिक | सामान्य स्वास्थ्य उपचार, परामर्श, परिवार नियोजन |

Scanned with CamScanner